# दुर्गतीबाट मुक्तिको लागि त्रिरत्न शरणगमन
# Triple Gem for Liberation from lower realm

शान्तश्री रत्न बज्राचार्य

लेख सङ्कलन
२०७९-०५-०७

समीक्षकबाट प्राप्त
२०७९-०५-१२

स्वीकृत
२०७९-०५-१५

## लेखसार

बुद्धधर्ममा त्रिधातु अर्थात् तीन प्रकारको लोकधातुको अवधारणा पाइन्छ । ती त्रिधातुहरू कामधातु, रूपधातु र अरूपधातु हुन् । यिनीहरूलाई तीन प्रकारका संसार पनि भनिन्छ । तीमध्ये कामधातुमा नरक, प्रेत, तीर्यक, मनुष्य, असुर लगायत अरू ६ वटा देवलोक सहित ११ वटा लोकहरू छन् । रूपधातुअन्तर्गत ब्रह्मपरिषददेखि अकनिष्ठ लोकधातुसम्म १६ वटा लोकहरू र अरूपधातुअन्तर्गत आकाशानन्त्यायतनोपग, विज्ञानानन्त्यायतनोपग, ओकिञ्चन्यायतनोपग र नैवसंज्ञानामसंज्ञायतनोपग गरी जम्मा ४ वटा लोक रहेको उल्लेख छ । यसरी जम्मा ३१ वटा लोक धातु भएको अवधारणा पाइन्छ (देव, १९५८) । यी लोकहरूमध्ये देवलोक, असुरलोक र मनुष्यलोक तीनवटालाई सुगति र तिर्यकलोक, प्रेतलोक र नरकलोक तीनवटा दुर्गती भनि मानिएका छन् (वाग्ची, १९७०) । सुगती भन्नाले राम्रो लोक जहाँ पुण्यकर्म गर्न अवसर हुन्छ र मुक्तिको लागि सम्भावना हुन्छ । त्यसैगरी दुर्गती भन्नाले यस्तो गती अर्थात् लोक हो जहाँ दुःख भोग गर्ने वाहेक पुण्य कर्म आदि गर्ने अवसर प्राप्त हुँदैन । जहाँबाट मुक्ति हुने सम्भावना धेरै कम मात्रै हुन्छ । कर्म र फलको सिद्धान्तमा पूर्णरूपमा आधारित भएको बुद्धधर्मअनुसार, मृत्यु पश्चात यदि अकुशल कर्मको कारणले दुर्गतीमा फस्न पुगेमा अति कारूणीक दुःखदायी जीवन विताउन वाध्य हुनुपर्ने कुरा उल्लेख छ । साथै यस गतीमा फसेमा पुनः उद्धार हुन अत्यन्त झिनो मात्र सम्भावना हुने कुरा पनि उल्लेख भएको पाइन्छ । बुद्धधर्ममध्ये महायान बुद्धधर्मको मुख्य लक्ष्य नै सम्पूर्ण सत्त्वप्राणीहरूलाई दुर्गतीमा पर्नवाट बचाउने र दुःख भोगिरहेकाहरूको उद्धार गर्ने हो । यही लक्ष्यअनुसार सर्वसत्त्व प्राणीहरूलाई दुर्गतीमा पर्नबाट बचाउन र अन्त्यमा बुद्धत्त्व लाभ गराउन महायानीहरू निरन्तर लागि रहन्छन् । यसै क्रममा यदि कोहि व्यक्ति साच्चै नै त्रिरत्नको शरणमा गइन्छ भने उक्त व्यक्ति कहिल्यै पनि दुर्गतीमा फस्दैन भनि विभिन्न बौद्ध ग्रन्थहरूमा उल्लेख छन् । त्यसैले महायानी परम्परामा कुनै पनि बौद्ध कियाकलाप गर्न अगाडी त्रिरत्न शरणगमन जाने तथा जान लगाउने प्रचलन रहि आएको पाइन्छ । त्यसैगरी थेरवाद परम्परामा पनि कुनै पनि बौद्ध कार्यक्रम गर्न अगाडी त्रिरत्न शरण जाने गरिन्छ । तर त्रिरत्न शरणको गमन गर्ने तरिकामा भने परम्पराअनुसार अलिअलि भिन्नता पाइन्छ ।

**Abstract:**

In Buddhism, there are six realms or concepts of the Loka. Among them, Devalok, Ashurlok (demond), andManushyalok (human being) are considered to be the three good (Sugati) realmswhereas Trayakalok (animal and insect realm), Pretalok (the ghost realm), andNarakalok(hell) are considered to be the three bad realms(Durgati). Buddhism, which is a religion solely basedon the principle of cause and effect(karma and outcome), implies that if you fall into a bad realm or durgati dueto immoral(unethical) karma, you will be forced to live a painful life after death. Additionally, it is alsomentioned that there is little to no chance of recuperation if caught in a bad realm (durgati). One of thesects of Buddhism is the Mahayana Buddhism. The main goal of Mahayana Buddhism is to save allsentient beings from sufferings and liberate those who are suffering. Based on this principle, theMahayanis constantly strive to not only liberate all living beings from suffering and pain but also to helpthem achieve enlightenment. In various Buddhist scriptures, it has been mentioned that if a persontakes refuge in the Triratna, the person will not fall into a bad realm of evil. The journey to Triratnasharana is found to be different across different traditions.



**शब्द कुञ्जीकाः** त्रिरत्न, दुर्गती, शरणगमन, महायान, पञ्चशील


## परिचय

त्रिरत्न भन्नाले बुद्धरत्न, धर्मरत्न, सङ्घरत्न भन्ने बुझिन्छ । बुद्ध, बुद्धले भन्नु भएका ज्ञान जसलाई धर्म भनिएको छ । उक्त ज्ञानलाई अभ्यास गर्दै ती ज्ञानहरूलाई संरक्षण गरी रहेका शीलले सम्पन्न भएका गणहरूलाई सङ्घ भनिएका छन् । लौकिकदेखि लोकोत्तर बुद्धतासम्मका आशयलाई लिएर त्रिरत्नको शरणगमन गरिने भएको हुँदा त्रिरत्न अर्थात् तीन रत्न के हो जान्नु अत्यन्त जरुरी पर्छ । यी तीनलाई ६ वटा कारणले गर्दा रत्न भनेका हुन् भनि मैत्रेयनाथको रत्नगोत्र विभाग शास्त्रमा उल्लेख गरिको पाइन्छ ।

*रत्नानि दुर्लभोत्पादान् निर्मलत्वात् प्रभावतः ।*
*लोकालंकारभूतत्त्वादग्रत्वान् निर्विकारतः ॥*

(रत्नगोत्र विभाग शास्त्र, १-२२, मैत्रेयनाथ, २७०-३५० ई.पू.)

क) उत्पाद दुर्लभ भएकोले - बुद्ध धर्म र सङ्घ उत्पन्न हुनु धेरै दुर्लभ हुन्छ । यिनीहरू यो लोकमा देखा पर्न प्राणीहरूले धेरै कल्पसम्म कुशलकर्मका मूल(जरो)हरू सञ्चय गरिसकेको र मोक्षको लागि पात्र बन्दै गइसकेको हुनु पर्छ । त्यसै गरी बुद्ध बन्नकोलागि पनि कल्पौकल्पसम्मको अभ्यास प्रयत्न चाहिन्छ । त्यस्तैगरी उहाँको धर्म र ती धर्मको अभ्यास गर्ने व्यक्तिहरूको सङ्घ पनि स्वतः दुर्लभ हुन्छन् ।

ख) निर्मल भएकोले - सामान्य रत्नहरू निर्मल अर्थात् मल नभएका सफा भए जस्तै बुद्ध धर्म र सङ्घ पनि सम्पूर्ण

क्लेश, आस्रवजस्ता मलहरूबाट मुक्त भएकाले निर्मल हुन्छन् ।

ग) प्रभावको कारणले - जसरी मणि आदि रत्नले विभिन्न रोग, ग्रह आदि दोषहरू हटाउन मद्दत गर्दछ र सिद्धिहरू प्रदान गर्दछ त्यसैगरी यी तीनवटावाट पनि विभिन्न अचिन्त्य गुणधर्महरू प्राप्त हुन्छ ।

घ) लोकको अलङ्कार भएकोले - जसरी सामान्य रत्नहरू लोकमा धारणयोग्य मानिन्छन् । गहना या अलंकारको रूपमा उपयोग गर्न लायक हुन्छन् । त्यसैगरी बुद्ध आदि रत्नहरू पनि सम्पूर्ण लोकधातुका निमित्त शोभा दिने खालका हुन्छन् । त्रिरत्न जहाँजहाँ हुन्छन् त्यो क्षेत्र सबै किसिमले शोभायमान हुन्छ, त्यो क्षेत्रका प्राणीहरूको गहनाकै रूपमा उनीहरू रहन पुग्छन् । किन कि उनीहरूको गुण नै धेरै हुन्छन् ।

ङ) अग्रगण्य (श्रेष्ठ) भएकाले - जसरी लोकमा माणिक्य आदि रत्नहरूलाई श्रेष्ठ या उत्तम मानिन्छ त्यसरी नै बुद्ध आदि पनि लोकोत्तर भएकोले लोकमा सबभन्दा श्रेष्ठ या उत्तम मानिन्छन् ।

च) निर्विकार भएकाले - माणिक्य आदि रत्नहरूमा अरुसंगको संयोगले विकार उत्पन्न नभए जस्तै बुद्ध आदि रत्नमा पनि स्तुति निन्दा, लाभ अलाभ, सुख दुःख, यश अयश जस्ता अष्ट लौकिक धर्म एवम् अन्य कुनै पनि क्लेश आदि दोषको संगतको प्रभाव पर्दैन र जहाँ पनि निर्विकल्प भएर रहन्छन् ।

यी गुणहरूले युक्त भएकाले उनीहरूलाई रत्न भनिएको हो ।

## समस्या कथन

बुद्धधर्म पूर्णरूपले कर्मवादी धर्म हो। कर्म नगरीकन कुनै पनि फलको आशा गर्नु बुद्धधर्मको सिद्धान्त विपरित हुन जान्छ। साथै कर्मअनुसार फल अवश्य भोग्नु पर्छ । कर्म नगरेर केवल भनेको भरमा कुनै पनि कार्य पूर्ण हुन सक्दैन । त्यसैगरी बुद्धमं शरणं गच्छामि मात्र भनेको भरमा साच्चैको बुद्धको शरणमा गएको हुन सक्दैन । यो साच्चैको हुनको लागि बुद्धले भनेका कुराहरू पनि पूर्णरूपले पालना गर्नु पर्छ । हाल बौद्ध समाजमा त्रिरत्न शरणको सहि जानकारी नभएको हुँदा जति पटक शरण गएको व्यक्तिमा पनि केहि परिवर्तन आएको पाइन्दैन । त्यसैले यस लेखको समस्या कथन निम्न प्रकार रहेका छन् ।

क) त्रिरत्न शरणमा जाने व्यक्ति कसरी, के कति कारणले दुर्गतीमा पर्ने सम्भावना हुँदैन ।
ख) त्रिरत्न शरणको वास्तविक अर्थ के हो ?
ग) भिन्नाभिन्नै परम्पराअनुसार त्रिरत्न शरण जाने तरिकाहरू के हुन् ?

## उद्देश्य

मनुष्यका जन्म प्राप्त हुनु दुर्लभ छ । अझ आठ अक्षणबाट मुक्त भएको (उत्तम क्षण भएको) जन्म प्राप्त हुनु अत्यन्त दुर्लभ छ । त्यसैले यस्तो क्षण अत्यन्त महत्त्वपूर्ण हुन्छ । आठ अक्षणबाट मुक्त भएको जीवन अर्थात् सुअवसर या राम्रो क्षणले युक्त भएको जीवन भएर जन्म हुनु अत्यन्त दुर्लभ छ भनि विभिन्न बौद्ध ग्रन्थहरूमा उल्लेख भएका छन् । दुःखबाट मुक्त हुने प्रयत्न यहाँ मात्रै गर्न सम्भव हुन्छ । अर्को शब्दमा भन्ने हो भने यही अक्षणबाट मुक्त भएको क्षणमा मात्र मुक्ति पाउन सक्ने कुरा उल्लेख छ (शास्त्री, २०१०) । अक्षणमा परेका बेला दुःखबाट मुक्त हुने कुनै पनि कार्य गर्न सकिदैन । त्यसैले यस्तो सुअवसर

पाएको महत्त्वपूर्ण क्षणको सदुपयोग गर्दै सदासदाको लागि विभिन्न प्रकारका दुःखहरूवाट छुट्कारा पाउँन अर्थात् मुक्तिको वाटो पहिल्याउनको लागि बुद्ध, धर्म र सङ्घको शरण अर्थात् त्रिरत्नको शरणमा जानु बाहेक अरु विकल्प नरहेको कुरा उजागर गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ । त्रिरत्नको शरण जाने भन्ने चलन शाक्यमुनिको समयकालदेखि चल्दै आइरहेको भएतापनि अहिलेको समयमा यसको वास्तविक अर्थ नबुझी केवल मुखले मात्रै पाठ गर्ने जस्तो अर्थात् वाचन गर्ने मात्रै भएको देखिन्छ । अतः यसको कारणले गर्दा त्रिरत्नको शरणमा गएता पनि दुर्गतीमा पतन हुन सक्ने सम्भावना भएको हुँदा यसको वास्तविक कुराहरू जुन विभिन्न बौद्ध ग्रन्थमा उल्लेख भएका छन् ती प्रमाणहरू प्रस्तुत गरी जानकारी दिने यस लेखको दोस्रो उद्देश्य रहेको छ । बुद्धधर्मका भिन्नाभिन्नै यानहरूमा, त्रिरत्न शरणगमण जाने तरिका पनि फरकफरक छन् । सबै परम्परामा एकरूपता भएको पाइन्दैन । अतः फरकफरक परम्परामा गरिने भिन्नभिन्नै शरणगमनको बारेमा जानकारी दिने यस लेखको तेस्रो उद्देश्य रहेको छ ।

## विधि

यस अनुसन्धानमूलक लेखमा उल्लेख गरिएका कुराहरू प्रमाणित गर्न विभिन्न बौद्ध ग्रन्थहरूको सहयोग लिइएका छन्। अतः यस लेखमा विभिन्न बौद्धग्रन्थहरूमा उल्लेख भएका श्लोकहरू तथा तथ्यकुराहरू उद्धृत गरिएका छन् । यो लेख पूर्णरूपमा वर्णनात्मक विधि अनुरूप प्रस्तुत गरिएको छ ।

## त्रिरत्न शरणगमनको अर्थ

त्रिरत्न शरण जानुको तात्पर्य त्रिरत्नमा आफूलाई सुम्पिनु हो । शरण गए पछि त्रिरत्नले भनेअनुसार धर्ममा उल्लेख भएअनुसार चल्नु पर्छ । आफ्नो इच्छाले जथाभावी चल्नु हुँदैन । जव जब आफ्नो अभ्यासको बलले भित्री त्रिरत्नलाई चिन्दै जान थालिन्छ तब आफ्नो प्रज्ञाअनुसार स्वतन्त्र रूपले चल्दै जान सकिन्छ । सुरु सुरुका (आदिकर्मिक) व्यक्तिले त्यसरी आफ्नै ढंगले चल्नु आफ्नै समय बर्बाद गर्नु हो । स्वयंलाई धोका दिनु मात्र हुन आउँछ (रिजाल, २०७२) ।

धर्मको शरणमा गए पछि कुनै पनि प्राणीलाई दुःख या पीडा हुने काम गर्नु हुँदैन । यो नै धर्मको शरणको मूल ब्रत हो । यसमा त्रुति हुनु नै धर्मको शरणबाट च्यूत हुनु हो ।

सङ्घको शरणमा गएपछि लौकिक पृथग्जन (दुःखबाट तर्न नखोज्ने) व्यक्तिहरूको सङ्गतबाट बच्ने गर्नुपर्छ । आर्यसङ्घको शरणमा जानु भनेको मोक्षमार्गको यात्रामा आर्यसङ्घको अनुभव र शिक्षालाई आश्रय बनाएर चल्नु हो । आर्यसङ्घसँग प्रत्यक्ष सम्पर्क हुन धेरैलाई सम्भव पनि हुँदैन । लौकिक सांसारिक व्यक्तिहरूको संगतले ठीक यसको उल्टो परिणाम दिन्छ । तृष्णा बढाउने, सांसारिक कुराहरूमा जस्तै कि खाने, लगाउने, मनोरञ्जन गर्ने मोवाइल, गाडी फेर्ने जस्ता कुराहरूमा मात्र मनलाई सधैं केन्द्रित गरिराख्ने, धर्म अभ्यास नगर्ने, धर्मका कुराहरूलाई महत्त्व नदिने व्यक्तिहरूको संगतले गर्दा सङ्घको शरणवाट च्यूत हुन पुग्दछ ।

त्रिरत्न शरणमा गएको व्यक्तिको सधैं हित र कल्याण हुन्छ भनि शास्त्रहरूमा बताइएको पाइन्छ । त्रिरत्नमा शरण जाने व्यक्तिलाई अष्टमहाभय हुँदैनन् । त्रिरत्नमा पूर्णरूपमा भर परेका व्यक्तिको मृत्युकाल पनि राम्रो, होशपूर्ण कुशलले युक्त हुन्छ ।

सूकरिकावदान बौद्ध ग्रन्थमा पनि ठीक यही कुरा उल्लेख भएअनुसार, जो व्यक्ति बुद्धको शरणमा जान्छन् उनी कुनै हालतमा पनि दुर्गातिमा पर्दैनन् भनि उल्लेख भएको पाइन्छ ।

*ये बुद्धं शरणं यान्ति न ते गच्छन्ति दुर्गतिम् ।*
*प्रहाय मानुषान् कायान् दिव्यान्कायाँल्लभन्ति ते ॥*

अर्थात्, जो बुद्धको शरण जान्छन्, उनीहरू दुर्गतीमा जादैनन् ।

उनीहरूले मनुष्यको शरीर छोडेपछि दिव्यकाय याने देवताको जुनि प्राप्त गर्दछन् ।

यसैगरी अन्य शास्त्रहरूमा पनि यस्तै खालका अभिव्यक्तिहरू लेखिराखेको पाइन्छ । जस्तै ११औं शताव्दीका प्रसिद्ध आचार्य अनुपमवज्रको आफ्नो “आदिकर्म प्रदीप” ग्रन्थमा पनि यस्तै कुराहरू उल्लेख भएको पाइन्छ ।

*इह हि सुगतशासनाभिप्रसन्नेन कुलपुत्रेण वा कुलदुहित्रा वा प्रथमं रत्नत्रयं शरणगामिना भाव्यम् ॥*

अर्थात्,

यहाँ सुगतको शासनमा राम्रोसँग प्रसन्न हुने कुलपुत्र या कुलदुहिताले सुरुमा त्रिरत्नको शरणगमन गरेको हुनु पर्छ ।

### ***त्रिरत्न शरण जाने तरिकाहरु***

१) पालि त्रिपिटकअन्तर्गत रहेको खुद्दकनिकायमा उल्लेख भएअनुसार (श्रावकयानमा) त्रिरत्न वन्दना र त्रिरत्न शरण जाने विधि यस प्रकार उल्लेख छ ।

*नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्य ॥*
*नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्य ॥*
*नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्य ॥* (अर्थ - नमस्कार छ उहाँ अरहतो सम्यक सम्बुद्धलाई)

*बुद्धं शरणं गच्छामि* (अर्थ - म बुद्धको शरणमा जान्छु)
*धम्मं शरणं गच्छामि* (म धर्मको शरणमा जान्छु)
*सङ्घं शरणं गच्छामि* (म सङ्घको शरणमा जान्छु)

*दुतियम्पि बुद्धं शरणं गच्छामि* (अर्थ - म दोस्रो पटक बुद्धको शरणमा जान्छु)
*दुतियम्पि धम्मं शरणं गच्छामि* (म दोस्रो पटक धर्मको शरणमा जान्छु)
*दुतियम्पि सङ्घं शरणं गच्छामि* (म दोस्रो पटक सङ्घको शरणमा जान्छु))

*ततियम्पि बुद्धं शरणं गच्छामि* (अर्थ - तेस्रो पटक पनि म बुद्धको शरणमा जान्छु)
*ततियम्पि धम्मं शरणं गच्छामि* (तेस्रो पटक पनि म धर्मको शरणमा जान्छु)
*ततियम्पि सङ्घं शरणं गच्छामि* (तेस्रो पटक पनि म सङ्घको शरणमा जान्छु)
*भन्तेः तिसरणगमनं सम्पुण्ण* (अर्थ - त्रिरत्न शरणगमन पूर्ण भयो ।
*उपासक, उपासिकाः आम भन्ते ।* (हवस् भन्ते)

अद्वयवज्र संग्रहमा आचार्य अद्वयवज्र अर्थात् मैत्रिपाले आफ्नो ग्रन्थमा उल्लेख भएअनुसार त्रिरत्नमा शरणजाँदा महायानअनुसार गर्नु पर्ने त्रिरत्न वन्दना र त्रिरत्नमा शरणगमन यस प्रकार उल्लेख छन्
*नमो बुद्धाय ॥ नमो धर्माय ॥ नमः सङ्घाय ॥*
*अहं इत्थंनामा यावत्जीवं बुद्धं शरणं गच्छामि ॥*
(अर्थ - म यो नामको व्यक्ति जीवन भर बुद्धको शरणमा जान्छु)
*अहं इत्थंनामा यावत्जीवं धर्मं शरणं गच्छामि ॥*
(अर्थ - म यो नामको व्यक्ति जीवन भर धर्मको शरणमा जान्छु)
*अहं इत्थंनामा यावत्जीवं सङ्घं शरणं गच्छामि ॥*
(अर्थ - म यो नामको व्यक्ति जीवन भर सङ्घको शरणमा जान्छु)

महायानअनुसार नै अतीशा दिपंकर श्रीज्ञानले रचना गर्नुभएको एकादश ग्रन्थमा उल्लेख भएअनुसार त्रिरत्न वन्दना, त्रिशरणगमन र बोधिचितोपाद यस प्रकार छन् । जुन सर्वाधिक प्रचलनमा रहि आएको पाइन्छ ।
*नमो बुद्धाय ॥ नमो धर्माय ॥ नमः सङ्घाय ॥*

*बुद्धं च धर्मं च गणोत्तमं च यावद्धि बोधिं शरणं गतोऽस्मि*
*दानादिपुण्यैश्च कृतैर्मयैभि र्बुद्धो भवेयं जगतो हिताय ॥*
अर्थ - बुद्ध, धर्म र गणमा बोधि प्राप्त नहुँदासम्म पनि म शरणमा जान्छु
दानादि गरेको मेरा सवै पुण्यहरूको कारणले जगतको हित गर्नको लागि म बुद्ध हुन सकुन् ।)

*चतुर्ब्रम्हविहार (मैत्री, करुणा, मुदिता र उपेक्षा)*
*सर्वे सत्वाः सुखैश्चैव युक्ताः स्युः सुखकारणैः* (अर्थ - सबै सत्व युक्त होउन, सुखले, सुखहेतुले)
*भवन्तु सततं मुक्ता दुःखाच्च दुःखकारणात् ।* (मुक्त होउन सधैं दुःखवाट र दुःखको हेतुले)
*कदापि वञ्चिता न स्युर्दुःखहीनमहासुखात्* (कदापि बञ्चित नहून दुःखहीन महासुखले)
*दूरादूरद्वेषरागमुक्तोपेक्षास्थिता हि स्युः ॥* (टाढा नजीकमा द्वेष राग मुक्त, तटस्थ होउन्)

## पञ्चशील ग्रहणम्

शीलको अर्थ हो काय, वाक् र चित्तलाई पापकर्महरूमा छाडा हुन नदिएर संयमित बनाइराख्नु हो। संयमित भयो भने काय, वाक् र चित्तका कर्महरूमा सामञ्जस्य भई एकाग्रता आउँछ। यही नै शीलको अर्थ हो। अर्को अर्थमा भन्ने हो भने शील भनेको अकुशल या पापकर्महरूवाट बचेर कुशल अर्थात् पुण्य हुने खालको कर्महरूमा लगाव भइरहनु या अभ्यास गर्ने वानि भइरहनु हो।

*क) पाणातिपाता वेरमणी सिक्खापदं सम्मादियामि*
म प्राणीहिंसा गर्नवाट अलग रहने शिक्षा ग्रहण गर्दछु।

*ख) अदिन्नादाना वेरमणी सिक्खापदं सम्मादियामि*
म चोरी गर्नवाट अलग रहने शिक्षा ग्रहण गर्दछु।

*ग) कामेसु मिच्छाचारा वेरमणी सिक्खापदं सम्मादियामि*
म व्यभिचार गर्नवाट अलग रहने शिक्षा ग्रहण गर्दछु।

*घ) मुसावादा वेरमणी सिक्खापदं सम्मादियामि*
म झुठो वचन बोल्नवाट अलग रहने शिक्षा ग्रहण गर्दछु।

*ङ) सुरामेरय मज्जपमादट्ठाना वेरमणी सिक्खापदं सम्मादियामि*
म जाँड रक्सी जस्ता नशालु वस्तुहरू सेवन गरी प्रमाद हुनेवाट अलग रहने शिक्षा ग्रहण गर्दछु।

भन्तेः *तिसरणेन सह पञ्चशीलं धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमादेन सम्पादेथ।*
(अर्थः त्रिशरण सहित पञ्चशील धर्मलाई राम्ररी सुरक्षित गरेर अप्रमादी भई यसको पालन गर)
उपासक, उपासिकाः आम भन्ते (हवस् भन्ते)

क्रियासंग्रहमा उल्लेख भएअनुसार महायानी परम्परामा गरिने पञ्चशीलग्रहणम्
*अहं इत्थंनामा यावत्जीवं प्राणातिपातात् प्रतिविरमामी ॥*
*अहं इत्थंनामा यावत्जीवं अदत्तादानात् प्रतिविरमामी ॥*
*अहं इत्थंनामा यावत्जीवं काममिथ्याचारात् प्रतिविरमामी ॥*
*अहं इत्थंनामा यावत्जीवं मृषावादात् प्रतिविरमामी ॥*
*अहं इत्थंनामा यावत्जीवं सुरामैरेय मद्यप्रमादस्थानात् प्रतिविरमामी ॥*

## प्राणातिपात

प्राणातिपात भनेको हत्या या हिंसा गर्नु हो। पाँच धर्महरूले युक्त भएर गरिएको हिंसाले फल दिएरै छोड्छ। ती पाँच धर्महरू

क) वस्तु ख) वस्तु संज्ञा ग) आशय घ) प्रयोग (उपक्रम) ङ) निष्पत्ति

यहाँ वस्तु भनेको प्राणी हो । वस्तु संज्ञा भनेको त्यो प्राणी हो भनेर चिनिएको वा थाहा पाइएको हुनु । आशय भन्नाले हत्या गर्ने इच्छा प्रयोग वा उपक्रम भनेको हात हतियार आदि चलाएर उक्त प्राणीको मर्ममा पीडा गराउनु हो । निष्पत्ति भनेको काम सम्पन्न हुनु वा प्राणीको प्राण इन्द्रीयवाट छुट्नु हो । यति पाँच कुरा पूरा भएको अवस्थामा प्राणातिपात कर्म पूरा हुन्छ (शाक्य, २०६४) ।

कर्मका फलहरू धेरै प्रकारका छन् । त्यसमध्ये प्राणातिपात गर्दा पाइने मुख्य तीनवटा फलका वारेमा चर्चा गरिएको पाइन्छ । ती हुन् १) विपाक फल २) निष्यन्द फल ३) अधिपति फल

क) विपाक फल - विपाक भनेको पाक्नु हो । आफूले गरेको जुन सुकै कर्म अर्थात् कार्य गरेको (चाहे राम्रो कार्य होस या नराम्रो कार्य) बीउको रूपमा चित्तमा रोपिन्छ । पछि हेतु प्रत्ययको बलले अर्थात् हेतु र बलको कारणले कुनै समयमा त्यो कर्म फल्दछ पाक्दछ । यदि राम्रो कार्य गरेको छ भने राम्रो फल फल्छ । नराम्रो कार्य गरेको छ भने नराम्रै फल फल्दछ । यसलाई विपाक फल भनिन्छ ।

प्राणातिपात गरेको कार्यको विपाकको फल भनेको चित्तलाई नरकमा पैदा गराउनु हो । त्यहाँको दुःखको अनुभव गराउनु हो । नरक भनेका अत्यन्त शारीरिक पीडा भोग्नु पर्ने कामधातु भित्रका भयङ्कर डरलाग्दो लोकधातुहरू हुन् ।

ख) निष्यन्द फल - विपाक फल भोगेर सिद्धिएमा नरकबाट बाहिर निस्किन पनि सकिन्छ । बाँकी रकेका पुण्यहरूको प्रभावले मनुष्यलोकमा जन्म पनि हुन सक्छ । यहाँ निष्यन्द भनेको रस अर्थात् चुहिएको भन्ने अर्थ हो । निष्यन्द फल पनि दुई प्रकारका छन् । १) कारित्र निष्यन्द र २) अनुभूत निष्यन्द ।

पहिले जस्तो कर्म गरिएको थियो, पछि फल भोगि सकेपछि फेरि पनि त्यही कार्य, कर्म गर्न मन लाग्छ । फेरी प्राणी हत्या गर्न, शिकार खेल्न, मार हान्न रुचि हुनु कारित्र निष्यन्द फलले आएको स्वभाव हो । अनुभूत निष्यन्द फलमा मनुष्य भएर पनि छोटो आयु हुनु, अरुले हत्या गरेर आफ्नो मृत्यु हुनु, अरुबाट व्यर्थमा पिटाइ खाइरहनु, शरीर रोगी भइरहनु इत्यादि हुन्छन् । यस्ता निष्यन्द फल फेरि एक जुनीमा मात्र नभई बारम्बार जन्मौजन्मसम्म पनि दोहोरिएर आइपर्छन् ।

ग) अधिपति फल - अधिपति भनेको चारैतिरबाट आफूमाथि प्रभुत्व जमाएर रहने हो । जस्तै, प्राणातिपात गरेका व्यक्तिले विपाकफल भोगिसकेर फेरि मनुष्य जन्म पाउँदा पनि बाहिरबाट आधिपत्य गर्ने वातावरणमा जस्तै युद्धग्रस्त क्षेत्र, अनिकाल लागिरहने ठाँउ, महामारी फैलिरहने ठाँउ, कुनै न कुनै प्रकारका विपत्ति या सङ्कटहरू आइलाग्ने ठाँउमा पर्ने गर्छन् । यस्ता परिस्थितिमा जन्म हुनु अधिपतिफलको कारणले हुन्छ ।

**अदत्तादान**

अदत्तादान भनेको नदिएको चीज लिनु हो । “अदत्त” भनेको नदिएको “आदान” भनेको लिनु हो । नदिएको वस्तु लिनु भनेको चोर्नु हो । यो पनि धेरै प्रकारले गर्न सकिन्छ । तीमध्ये मुख्यतः तीन किसिमका छन्

१) बलपूर्वक २) छलपूर्वक ३) गोप्यरूपले

बलपूर्वक चोरी गर्नु भनेको लुट्नु, डकैती गर्नु, इत्यादि हो । जबर्जस्ती डराएर, धम्काएर, तर्साएर अर्काको वस्तु या सम्पत्ति लिनु हो । यो अत्यन्त ठूलो पाप कर्म हो किनकि यसमा चोरीका अलावा अरु धेरै पापहरू पनि मिसिएका हुन्छन् ।

छलपूर्वक चोरी गर्नु भनेको व्यक्तिले थाहा नपाउने गरी धोका दिएर अरुको धन या वस्तु हत्याउनु हो । जस्तै तौलमा छल्नु, सामानमा मिलावट गर्नु आदि । त्यसैगरी अरु संग पछि दिने सहमतिमा लिएको ऋण या सापति फिर्ता नगर्नु पनि यस वर्गअन्तर्गत पर्ने चोरी जस्तै हो ।

गोप्यरूपमा चोर्ने भनेको पाकेट मारले पैसा चोर्नु, राती अर्काको घरबाट सामान सम्पत्ति चोर्नु जस्ता प्रत्यक्ष चोरीका कामहरू हुन्, जस्मा त्रास र धम्की विना नै अरुको धनमाल चोरिन्छ ।

अदत्तादान कर्म गर्नेहरू प्रेतलोकमा जन्म लिन पुग्छन् । बलपूर्वक चोरी गर्ने डाँकाहरू नरकमा

जन्मिन्छन् । विपाक फल पछि यदि उनीहरू मनुष्य भएर जन्मे पनि उनीहरूको जन्म दरिद्र भएर जन्मिन्छन् ।

काममिथ्याचार

काममिथ्याचार भन्नाले यौन दुराचार भन्ने बुझिन्छ । अरुको शीललाई पनि नष्ट गरिदिने र आफ्नो पनि शीललाई नष्ट हुने, हानिकारक परिणाम दिलाउने ढङ्गले यौनक्रिया गर्नु यौन दुराचार हो ।

काममिथ्याचारको विपाक फलमा उपवासमा रहेका, भिक्षुणी, परस्त्री या उमेर नपुगेका कन्याहरूमा जबर्जस्ती करणी गर्नेहरू महानरकमा जन्म लिन पुग्ने कुरा सूत्रहरूमा बताइएका छन् भनेर आर्य शान्ति देवले आफ्नो शिक्षासमुच्चयमा उल्लेख गर्नु भएको पाइन्छ । अन्य अवस्थाका काममिथ्याचारको विपाक फलले प्रेतको योनीमा जन्म दिलाउने हुन्छ ।

## मृषावाद (झुटो बोल्नु)

आफूले थाहा भएको कुराको विपरीत कुरा बोलेर अरुलाई भ्रमित पार्नु मृषावाद हो । मृषावाद वारेमा उल्लेख भएअनुसार यो धेरै प्रकारको भएता पनि मुख्यतया तीन प्रकारको लाई लिइन्छ ।

१) साधारण मृषावादः अरुलाई ठग्ने उद्देश्य लिएर कुनै पनि विषयमा उल्टो कुरा बोल्नु, उल्टो गवाही दिनु, आफ्ना नातेदार र नजीकका लाई जोगाउन अरुलाई फसाउने खालका असत्य कुरा प्रचार गर्नु, कुनै स्वार्थको लागि अरुलाई झुक्याउने गरी ढाँट्नु, व्यापारीले आफ्नो सामानमा नभएको गुण बखान गर्नु, त्यस्तै खालका आकर्षक तर झूठा विज्ञापनहरू गर्नु यी सवै साधारण मृषावाद हुन् ।

२) महामृषावादः यो ठूलो मृषावाद हो । आफ्नो स्वार्थ र क्लेश आदिको कारणले असत्य बोलेर धेरै जनालाई पथभ्रष्ट गर्नु, कुमार्गमा लाग्ने तथा मिथ्यादृष्टिमा जगदिने जस्ता कामहरू गर्न पुग्ने गरी झुठो बोल्ने महामृषावाद हुन् । जस्तैः पुण्य र पाप हुँदैनन्, स्वर्ग र नरक बुद्धक्षेत्र आदि हुँदैनन्, कुकर्मको फल दुर्गति र सुकर्मको फल सुगति छैनन्, बुद्ध बोधिसत्व आदिमा कुनै विशेष गुण हुँदैनन् भन्ने जस्ता झूट कुराहरू बोल्नु महामृषावाद हो । साथै यो अत्यन्त अनर्थकारी हुन्छ । यो चित्तको मिथ्यादृष्टि नामक पापकर्म पनि हो ।

३) अभिमानिक मृषावादः यो विशेषगरी अभिमान देखाउनको लागि आफ्ना नभएका गुणहरू पनि छन् भनेर

असत्य बोल्नु हो । जस्तै भूमि प्राप्त नभए पनि भूमि पाएको बोधिसत्व हुँ भन्नु, अभिज्ञा नभए पनि अभिज्ञा भएको नाटक गर्नु, आदि कुराहरूले समाजमा मानिसहरू दिग्भ्रमित हुने, अन्धविश्वासी हुने, धेरै दुख पाइने हुन्छ ।

मृषावादहरूको विपाक फल मृषावाद हेरेर कुनै भारी हुन्छन् । नरकमै फ्याकिन्छन् भने कुनै अलि नरम हुन्छन् । सामान्यतः मृषावादको विपाक पशुलोकमा जन्म हुन्छन् ।

## सुरामैरेय मद्यप्रमादस्थानात्

सुरामैरेय मद्यप्रमादस्थानात् भन्नाले लागु पदार्थ सेवन गरी स्मृतिसम्प्रजञ्य गुम्ने तवरमा पुग्नु । अर्थात् लागु पदार्थ सेवन गरी प्रमादी अवस्थामा पुग्नु वा होस गुमाउनु । बुद्धधर्ममा लाग्ने हरकोहि व्यक्ति हरक्षण स्मृतिसम्प्रजञ्य भई रहनु आवश्यक छ र सुरामैरेयको कारणले प्रमादी अवस्थामा पुग्नु धर्मको उलंघन हुन जाने भएको हुँदा यसलाई पनि बर्जित गरिएको छ ।

## निष्कर्ष

मनुष्यको जन्म प्राप्त हुनु दुर्लभ छ । अझ आठ अक्षणबाट मुक्त भएको जीवन पाउँनु अत्यन्त दुर्लभ छ भनि विभिन्न बौद्ध ग्रन्थहरूमा उल्लेख भएका छन् । दुःखबाट मुक्त हुने तथा अन्त्यमा बुद्धत्व हासिल गर्न सकिने कार्य यहाँ मात्रै गर्न सम्भव हुन्छ । यसैले मनुष्य जन्मको सदुपयोग गर्दै बुद्ध धर्म र सङ्घको शरणमा जानु बुद्धिमानि ठहर्दछ । बुद्ध धर्म र सङ्घको शरणमा जाने भनेको केवल “बुद्धं शरणं गच्छामी” आदि भनी पाठ मात्र गर्नु नभई पूर्णरूपले बुद्धले भन्नु भएको कुरा, धर्ममा लेखिएका कुराहरू पालना गर्नु हो । शरणको अर्थ सुरक्षित ठाँउ जहाँ आश्रय पाउँछ अर्थात् जहाँ रक्षा होइन्छ, भन्ने अर्थ हुन्छ । तर यहाँ यसको अभिप्राय लौकिक दुःखवाट बच्नको लागि कुनै बलशाली व्यक्तिको शरणमा जाने जस्तो पनि होइन । सामान्यतः त्रिशरण दुई प्रकारका छन् । एउटा हेतु त्रिशरण हुन् भने अर्को फल त्रिशरण हुन् (नेगी, २०१७) । हेतु त्रिशरणको वास्तवविक अर्थ यस संसार दुःखमय छ, यहाँ वारवार जन्म लिएर दुःख दुःखता, विपरिणाम दुःख, तथा संस्कार दुःख भोग्नु पर्छ भन्ने कुरा थाहाँ भएर, यसवाट भयभीत भई अर्थात् त्रिविध दुःखको ज्ञान पाएर यस संसारवाट पार लागाउन सक्ने क्षमता यस त्रिशरणमा छ भन्ने श्रद्धा जागेर वा यस कुरामा अभिलाषा भई त्रिरत्नमा शरण जानु हेतु त्रिशरण हो । त्यसैगरी आफू स्वयम बुद्धत्व प्राप्तिको मार्ग लाग्नु अर्थात् साधनामा लाग्नु अर्थात् बुद्ध बन्नको लागि प्रवृत्त हुनु फल त्रिशरण हो । बुद्धको जस्तो गुणलाई भित्री चित्तमा पैदा गर्नु नै वास्तवमा बुद्धको शरण जानु हो, धर्म अर्थात् निरोधर मागको अनुशीलन गर्नको लागि प्रवृत हुनु धर्मको शरण जानु हो । त्यसैगरी त्रिविध अधिशिक्षा आफूभित्र पैदा गर्नु सङ्घको शरणमा जानु हो । त्यसैले बुद्धले भन्नु भएको छ कि

*अत्ता हि अत्तनो नाथो को हि नाथो परो सिया ।*

*अत्तना हि सुदन्तेन नाथं लभति दुल्लभं ॥*

अर्थात्, आफ्नो नाथ व्यक्ति स्वयं नै हो । कोहि अर्को हुँदैन । आफ्नो चित्तलाई चिनेर क्लेशहरूलाई प्रहाणवाट नै बुद्धत्व प्राप्त हुन सक्दछ ।

कोहि परमपिता या कोहि यस्तो अदृश्य शक्ति हुँदैन जसको इच्छाअनुसार कसैलाई बुद्ध बनाइदिने या कसैलाई नरकमा फाल्ने । त्यसैले बुद्धत्व प्राप्तिको लागि आफै स्वयमले नै धर्ममा प्रवृत्त हुनु पर्दछ । कसैको कृपा या

प्रसादले बुद्धत्व पाउने होइन । धम्मपदमा उल्लेख छ कि

*तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता ।*

*पटिपन्ना पमोक्खन्ति झायिनो मारबन्धना ॥ २०-४*

अर्थात्, मैले तिमीलाई मोक्षकोक मार्ग मात्र देखाए, तर मोक्ष पाप्ति, स्वयंम् तिम्रो प्रयासमा निर्भर छ, तिमि त्यो प्राप्त गर या नगर । बुद्ध त मार्ग दर्शक मात्र हुन् । यदि बुद्धत्व प्राप्त गर्न चाहन्छौ् भने मार्गमा आफै स्वयै जानु पर्दछ ।

अतः शरणगमनको पुर्णरूपले अर्थ बुझेर पालन गरेमा जीवनमा कुशल कार्यमात्र गर्न प्रेरणा पुग्छ र जसको कारणले मरणासन्न अवस्थामा कुशल कर्मकोमात्र सम्झना आउन सजिलो हुन्छ । अतः दुर्गतीमा जाने सम्भावना कम हुन्छ । यदि सधैभरि दुराचारी भइ रह्यो भने अर्थात् अकुशल कर्म गरिरह्यो भने मरणासन्न अवस्थामा त्यही पापकर्महरू सम्झेर मरेपछि दुर्गतीमा पतन हुनपुग्छ । अतः जीवनमा अकुशल कर्म बिल्कुलै नगरेर त्रिरत्न शरण गमनलाई जति सक्यो त्यति परिशुद्ध गरी पञ्चशील पालन सहित आफूमा भएका त्रि-विष (राग, द्वेश तथा मोह) लाई प्रज्ञाको बलले पूर्णरूपले हताउन सकेमा अवस्य पनि दुर्गतीमा पतन हुने छैन । यद्यपी शरण गमन जाने तरिका भिन्ना भिन्नै परम्परामा फरकफरक भएता पनि बुद्धले भन्नु भएका कुराहरू तथा धर्ममा उल्लेख भएका कुराहरू समान छन् साथै यसलाई पूर्णरूपमा पालना गर्नु वास्तवमै साच्चैको शरण जानु हो । जसको परिणाम स्वरूप अकुशल कर्मबाट छुट्कारा पाई कुशल कार्यको कारणले गर्दा कहिल्यै मृत्यु पश्चात दुर्गतीमा नपर्ने निश्चित गर्न सकिन्छ ।

**सन्दर्भ सामग्रीः**


त्रिपाठी, रामशंकर. (२०१०). *बौद्धों के तीन निकायों के धर्मचकप्रवर्तनसूत्र.* सारनाथः केन्द्रीय तिब्बती अध्ययन विश्वविद्यालय ।

देव, नरेन्द्र. (१९५८). *आचार्य वसुबन्धु कृत अभिधर्मकोष.* इलाहावादः हिन्दूस्तानी एकेडेमी ।

नेगी, ठाकुरसेन. (१९९९). *वज्रयानी अनुत्तरयोग.* सारनाथः केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान ।

नेगी, वंगछुग दोर्जे. (२०१७). *वज्रयान दर्शन एवम् साधना.* सारनाथः केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान ।

महास्थविर, भिक्षु सुनन्द. (२०२१). *बुद्धको जीवनी.* ललितपुरः *सिद्धार्थ विश्वविद्यालय ।*

रिजाल, नारायण प्रसाद. (२००१). *बोधिचर्यावतार.* काठमाडौः व्योमकुसुमा अनुवाद समिति ।

रिजाल, नारायण प्रसाद. (२०७३). *महायानबौद्धादश.* काठमाडौः व्योमकुमुमा बुद्धधर्म सङ्घ ।

वाग्ची, एस. (१९७०). *असंगविरचितः महायानसूत्रलंकार.* दरभंगाः मिथिला विद्यापिठबश ।

शाक्य, मीन बहादुर. (२०६४). *सद्धर्मचिन्तामणिमोक्षरत्नालंकार.* ललितपुरः नागार्जुन बौद्ध अध्ययन संस्थान ।

शास्त्री, शान्तिभिक्षु. (२०१०). *बोधिचर्यावतार.* न्यू दिल्लीः सम्यक प्रकाशन ।